## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६(२)संग सम्बन्धित अन्य विवरणहरु

१) **सञ्चालक समितिको प्रतिवेदनः**
संचालक समितिको प्रतिवेदन नं. १ मा उल्लेख गरिएको छ।

२) **लेखापरीक्षको प्रतिवेदनः**
वार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षकमा अन्तर्गत राखिएको ।

३) **लेखापरीक्षण भएको वित्तीय विवरणः**
बार्षिक प्रतिवेदनमा सम्बद्ध शीर्षकमा अन्तर्गत राखिएको ।

४) **कानूनी कारवाही समबन्धी विवरणः**
क) त्रैमास अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्धा दायर भएको भए :
संस्था बैकींङ्ग कारोबार गर्ने भएको कर्जा कारोबारका सिलसिलामा कर्जा असूली सम्बन्धी दायर भएको मुद्धा रहेको।
ख) संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको भए :
यस सम्बन्धमा त्यस्तो मुद्धा दर्ता भएको वा गरेको जानकारी प्राप्त नभएको।
ग) संस्थाका संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको भए :
यस सम्बन्धमा त्यस्तो मुद्धा दर्ता भएको वा गरेको जानकारी प्राप्त नभएको।

५) **संस्थाको शेयर कारोवार तथा तथा प्रगतिको विश्लेषणः**
क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यबस्थापनको धारणा :
यस संस्थाको शेयर माग र आपूर्तिको आधारमा निर्धारण हुने गरी नेपाल धितोपत्र विनिमय बजारमा कारोवार भईरहेको छ। शेयरबजारमा शेयरको मूल्यमा आउने उतारचढाव संगै यस संस्थाको शेयरको मूल्यमा परिवर्तत हुने गरेको छ।
ख) गत बर्षको प्रत्येक त्रैमासको अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबारको शेयर संख्या र कारोबार दिन :

| क्रम संख्या | त्रयमास | शेयरका अधिकतम मुल्य | शेयरका न्युनतम मुल्य | शेयरका अन्तिम मुल्य | कुल कारोबारको संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | रु.२३७/- | रु.१९९/- | रु.२१३/- | ७५७ | ५२ |
| २ | दोस्रो | रु.२१३/- | रु. १४०/- | रु. १४२/- | ८१६ | ५६ |
| ३ | तेस्रो | रु.१४५/- | रु.११४/- | रु.१२३/- | ३४५ | ४९ |
| ४ | चौथो | रु.१३९/- | रु. ११४/- | रु.११९/- | ३४१ | ५६ |

६) **समस्या र चुनौतीः**
क) आन्तरिक समस्या र चुनौती
- आयको विविधिकरण
- दक्ष जनशक्ति कायम राख्न कठिन।
- वित्तीय श्रोतको लागतमा बृद्धि।

ख) बाह्य समस्या र चुनौती
- तरलताको अभाव।
- व्याजदरमा उतार चढाव
- राजनैतिक अवस्था,
- आर्थिक कारोबारमा मन्दी,
- शेयर बजारमा मन्दी
- तिव्र प्रतिस्पर्धा

ग) रणनीति
- निक्षेप तथा कर्जामा विविधिकरण।
- आय आर्जनको नयाँ क्षेत्र विस्तार।
- सेवामा विविधिकरण।
- शाखा तथा सेवामा विस्तार।

७) **संस्थागत सुशासनः**
बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ , नेपाल राष्ट्र बैक बाट जारि गरिएको निर्देशन, परिपत्रहरु, धितोपत्र ऐन, र सो ऐन अनुसार जारि भएको नियमावली, विनियमावलीहरु तथा निर्देशनहरु, नेपाल स्टक एक्सचेञ्ज लि.वाट जारि गरिएको निर्देशनहरु लगायत प्रचलित कानूनलाई परिपालना गरिएको छ। साथै संस्थाको आन्तरिक तथा बाहय लेखापरिक्षकबाट प्राप्त भएको सल्लाह सुझावलाई पारिपालन गर्दै संस्थागत सुशासन कायम गर्न संचालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ।